बैठक संख्या ६ समयः बिहान ११ बजे बैठक मिति २०८२।१०।०४

आज मिति २०८२ साल माघ महिना ४ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामीज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री दलजीत सिह धामी | अध्यक्ष |
| २ | | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष |
| ३ | | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ |
| ४ | | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ |
| ५ | | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ |
| ६ | | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ |
| ७ | | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ८ | | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ |
| ९ | गणेश | श्री गणेश टमटा | कार्यपालिका सदस्य |
| १० | चन्द्रा | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य |
| ११ | | श्री जोगी टमटा | कार्यपालिका सदस्य |
| १२ | | श्री नरमा धामी | कार्यपालिका सदस्य |
| १३ | बसन्ती | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य |
| १४ | रुकमती | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य |
| १५ | | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रितः

तपसिलः

<u>प्रस्तावहरु:</u>

१. उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs)मा प्रस्ताव पेश गर्ने सम्बन्धमा।
२. आगामी आर्थिक वर्ष २०८३/८४ को लागि सङ्घीय समपूरक अनुदानका योजना माग गर्ने सम्ब्रन्धमा।
३. आगामी आर्थिक वर्ष २०८३/८४ को लागि सङ्घीय विशेष अनुदानका योजना माग गर्ने सम्बन्धमा।
४. कर्मचारी व्यवस्थापन सम्बन्धमा।
५. बस चालकको आवास खर्च सम्बन्धमा।
६. विद्यालय दिवा खाजा र गोदाम व्यवस्थापक सम्बन्धमा।
७. जग्गा प्राप्ति सम्बन्धी कार्यविधि २०८२स्वीकृत गर्ने सम्बन्धमा।
८. भवन निर्माण तथा घरनक्सा मापदण्ड सम्बन्धी कार्यविधि २०८२ सम्बन्धमा।
९. झोलुङ्गे पुल निर्माण सम्बन्धमा।
१०. सडक अवरोध हटाउदा लागेको रकम भुक्तानी सम्बन्धमा।
११. फोहर व्यवस्थापन संरचना निर्माण गर्ने सम्बन्धमा।
१२. जेसिबि अपरेटर र हेल्पर नियुक्त गर्ने सम्बन्धमा।
१३. विविध।

प्रमुख प्रशासकीय अधिकृत

बलजीत सिंह थापा
अध्यक्ष

माथि उल्लेखित प्रस्तावहरुमा छलफल गर्दा भएका निर्णयहरुः

निर्णय नं १ प्रस्ताव न १ माथि छलफल गर्दा भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (High Impact Community Development Projects, HICDPs) कार्यक्रम अन्तर्गत सञ्चालन हुने गरी यस गाउँपालिकाको वडा न ५ मा रहेको समैजी माविको विद्यालय भवन निर्माण सम्बन्धी प्रस्ताव सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने र उक्त आयोजनामा गाउँपालिकाबाट व्यहोर्नुपर्ने ५ प्रतिशत लागत साझेदारी व्यहोरिने प्रतिवद्दता समेत व्यक्त गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं २ प्रस्ताव न २ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/८४को लागि सङ्घीय समपुरक अनुदान सम्बन्धी कार्यविधि २०८१ बमोजिम प्राथमिकता क्रम अनुसार तपसिल अनुसारका योजना/ कार्यक्रमहरु माग गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

| प्राथमिकिकरण | योजनाको/ कार्यक्रमको नाम | ठेगाना | माग गरिएको | | योजनाको कूल लागत अनुमान | आयोजनाको कुल अवधी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | सघको अंश। | स्थानीय तहको अंश | | | |
| १ | तल्ला सुण्डमुण्ड देखि छिपुलथान विविधिता पार्क सम्मको पर्यटकीय पदमार्ग | नौगाड गापा २ | १ करोड ८ लाख | २७ लाख | १ करोड ३५ लाख | २ वर्ष | क्रमागत |
| २ | जामिर साडपाड सडक निर्माण आयोजना | नौगाड गापा ३ | ५ करोड ६० लाख | १ करोड४० लाख | ७ करोड | ३ वर्ष | १ नं वडा कार्यालय जोडने |
| ३ | सुकेखोला पनढुङ्गा सडक निर्माण आयोजना | नौगाड गापा ६ | ५ करोड ६० लाख | १ करोड४० लाख | ७ करोड | ३ वर्ष | अन्तरपालिका जोडने सडक |

प्रमुख प्रशासकीय अधिकृत

दलजीत सिंह धामी
अध्यक्ष

निर्णय नं ३ प्रस्ताव नं. ३ माथी छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/८४को लागि सङ्घीय विशेष अनुदान सम्बन्धी कार्यविधि २०८१ बमोजिम प्राथमिकताक्रम अनुसार तपसिल अनुसारका योजना/ कार्यक्रमहरु माग गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

| प्राथमिकिकरण | योजनाको/ कार्यक्रमको नाम | ठेगाना | माग गरिएको रकम | आयोजनाको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामूदायिक विद्यालयहरुको शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि ( फर्निचर,शैक्षिकसामाग्री, ल्याप्टप,डिजिटलबोर्ड, शौचालय, घेरावार पर्खाल इन्टरनेट जडान) आयोजना | नौगाड गापा भर | ३ करोड | २ वर्ष | |
| २ | कृषिउपज तथा अन्य स्थानीय उत्पादनको संकलन तथा विक्रि केन्द्र स्थापना | नौगाड ५ होपरीगाड | १ करोड | १ वर्ष | |
| ३ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | नौगाड गापा भर | २ करोड | | |

निर्णय नं ४ प्रस्ताव न ४ माथि छलफल गर्दा यहि मिति २०८२ पौष मसान्तमा करार सम्झौताको म्याद सकिएका तपसिल अनुसारका कर्मचारीहरुको मिति २०८२।१०।०१ गते देखि लागु हुने गरी तपसिल अनुसारको पदमा जिम्मेवारी दिने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

| क स | कर्मचारीको नाम | साविक पद | हाल जिम्मेवारी दिएको पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | गौरी कार्की धामी | तामेलदार | मालि | गाउँकार्यापलकाको कार्यालय | |
| २ | धन सिह ठगुन्ना | भेट नाप्रास | कम्प्युटर अपरेटर | ३ न वडा कार्यालय | वडा समितिको सिफारिस |

निर्णय नं ५ प्रस्ताव न ५ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँबस चालकको आवास खर्च प्रयोजनार्थ सुरु नियुक्ति देखि लागुहुने गरी प्रतिमहिना आवासखर्च वापत रु ५००० (पाँचहजार) उपलब्ध गराउने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

प्रमुख प्रशासकीय अधिकृत

दलजीत सिंह धामी
अध्यक्ष

निर्णय नं ६  प्रस्ताव न ६ माथि छलफल गर्दा यस गाउँपालिकामा लागु रहेको दिवा खाजा कार्यक्रमको अवधि २०२५ डिसेम्बर महिनामा सकिएको र केही परिमाणको खाद्यान्न गोदाममा मौज्दात रहेकोमा चालु आवको फागुन महिनाको लागि अपुग हुने खाद्यान्न यस गाउँपालिकालाई प्राप्त नगदमा आधारित दिवाखाजा कार्यक्रम शीर्षकबाट खर्चहुने गरी  चालु आवको फागुन महिनाको लागि अपुग खाद्यान्न  नियमानुसार खरिद गरी वितरण गर्न कार्यालयलाई स्वीकृति दिने  र सोहि कार्यक्रम अन्तर्गत गोदाम व्यवस्थापकको रुपमा कार्यरत कर्मचारीको करार सम्झौतको को म्याद गाउँसभाले निर्धारण गरेबमोजिमको सेवा सुविधा पाउने गरी सोही पद र तहमा हाललाई चालु आवको फागुन मसान्त सम्म थप गर्ने निर्णय  सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं ७  प्रस्ताव न ७ माथि छलफल गर्दा जग्गा प्राप्ति सम्बन्धी कार्यविधि २०८२स्वीकृत गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं ८  प्रस्ताव न ८ माथि छलफल गर्दा भवन निर्माण तथा घरनक्सा मापदण्ड सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय  सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं ९  प्रस्ताव न ९ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा न १  जात्राको  दह खोलामा झोलुङ्गे पुल निर्माण प्रकृया अगाडि बढाउने निर्णय  सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं १०  प्रस्ताव न १० माथि छलफल गर्दा गोकुलेश्वर-देथला-खार-खलगासडक अन्तर्गत विभिन्न स्थानमा निर्माण सामाग्री तथां अन्य सामाग्री राखिएकोमा उक्त सामाग्रीहरुको अवरोध हटाउदा लागेको खर्च सडकबोर्डको म्याचिङ फण्ड शीर्षकबाट भुक्तानी गर्ने निर्णय  सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं ११  प्रस्ताव न ११ माथि छलफल गर्दा नौगाड गाउँपालिकाको होपरीगाड बजार क्षेत्रमा संकलन गरिएका कागजजन्य फोहर व्यवस्थापनका लागि अस्थायी संरचना निर्माण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय  सर्वसम्मतरुपमा पारित गरियो।

निर्णय नं १२  प्रस्ताव न १२ माथि छलफल गर्दा जामिर साङपाङ सडक निर्माण आयोजनामा पहिरोको अत्यधिक जोखिम रहेको क्षेत्रमा सडक निर्माणकार्य सम्पन्न गरेकोले  प्रतिघण्टाका दरले सेवासुविधा उपलव्ध गराउने गरी नियुक्त गरिएका जेसिवि चालक श्री रणवहादुर धामी नौगाड ४ लाई हार्दिक धन्यवाद ज्ञापन गर्ने। साथै कार्यपालिकाले तोके बमोजिमको सेवासुविधा पाउने गरी  मिति २०८२।१०।०१ गते देखि लागु हुने गरी यस गाउँपालिकाको जेसिवि अपरेटरको रुपमा नियुक्त गर्ने र कार्यपालिकाले तोकेको सेवासुविधा सोहि आयोजनाबाट भुक्तानी हुने गरी मिति २०८२।१०।०१ गते देखि लागु हुने गरी श्री केशव सिह धामी नौगाड ४ लाई जेसिवि हेल्पर नियुक्त गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

प्रमुख प्रशासकीय अधिकृत

दलजीत सिह धामी
अध्यक्ष